# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ मंसिर ११ गते

## बन्द, हड्ताल जस्ता कुनै पनि कार्यक्रममा बालबालिकाको प्रयोग नगर्न आग्रह

धर्ना, विरोध प्रदर्शन, सभा लगायतमा बालबालिकाको प्रयोग गर्न नपाइने भनिएपनि विगत केही समय देखि त्यस्ता कार्यक्रमहरुमा बालबालिकाको प्रयोग बढ्दै गएकोप्रति राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

शिक्षण संस्थाहरुको छाता संगठनहरुले शुक्रबार राजधानीमा गरेको मानव साङ्लोमा कक्षा ८ मा अध्ययनरत बालबालिकाको प्रयोग गरिएको आयोगको अनुगमनबाट पाइएको छ । बन्द, हड्तालका कार्यक्रममा बालबालिकाको निरन्तर प्रयोग गर्दा हुने जोखिमलाई ध्यानमा राखी बालअधिकार सुनिश्चित गर्न आयोग सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

निर्वाध रुपमा विद्यालय जान पाउने र भय मुक्त वातावरणमा पढ्न पाउने बालबालिकाको नैसर्गिक अधिकार भएकोले कुनै पनि संस्था वा राजनीतिक दलले आयोजना गर्ने कुनै पनि कार्यक्रममा बालबालिकाहरुको प्रयोग नगर्न आयोग आग्रह गर्दछ ।

बाच्न र पढ्न देउ भन्ने नाराका साथ विद्यार्थीले २७ किलोमिटर लामो चकपथ प्रदर्शन गरेका थिए । बन्द, हड्ताल जस्ता कार्यक्रममा बालबालिकाको प्रयोग गर्नु **बालअधिकार सम्बन्धी महासन्धी** तथा **"बालबालिका सम्बन्धी ऐन, २०४८"** विपरीत कार्य हो ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org